# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, असार १५ गते २०५५ साल (संख्या ११

## भाग ३

### श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

आयकर ऐन, २०३१ को दफा ९ को उपदफा (३क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका क्षेत्रहरूका लागि प्रतिवर्ग फुट देहायबमोजिमको न्यूनतम घर बहाल रकम तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

क. **१.नं. क्षेत्र कर कार्यालय गौशालाअन्तर्गत तोकिएको निम्नबमोजिम प्रतिवर्ग फुट न्यूनतम घर बहाल रकमः-**

(१) बबरमहल धोबिखोलादेखि नयाँ बानेश्वर चोकसम्मको सडकको दायाँ बाँया रु. २५।-

(२) नयाँ बानेश्वर चोकदेखि उत्तर रत्नराज्य स्कूलसम्मको सडकको दायाँ बायाँ रु. २०।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) रत्नराज्य स्कूलदेखि पुरानो बानेश्वर चोकसम्मको सडकको दायाँ बाँया रु. १५।-

(४) मैतीदेवी धोबिखोलादेखि पुरानो बानेश्वर चोक हुँदै चाबहिलसम्मको सडकको दायाँ बायाँ रु.२०।-

(५) चाबहिल चोकदेखि बौद्ध हुँदै जोरपाटी बस स्टपसम्मको सडकको दायाँ बायाँ रु. १५।-

(६) पुरानो बानेश्वर चोकदेखि सिनामंगल चोकसम्मको सडकको दायाँ बायाँ रु. १५।-

(७) नयाँ बानेश्वर चोकदेखि कोटेश्वर चोकसम्मको सडकको दायाँ बायाँ रु. १५।-

(८) कोटेश्वर तीनकुनेदेखि गौशाला चोकसम्म चक्रपथको दायाँ बायाँ रु. १५।-

(९) चक्रपथ गोपिकृष्ण सिनेमा हलदेखि चाबहिल चोकसम्मको सडकको दायाँ बायाँ रु. १५।-

(१०) धोबिखोलादेखि पूर्व नयाँ बानेश्वर चोकदेखि पुरानो बानेश्वर चोकसम्मको सडकदेखि पश्चिमभित्रपट्टि एयरपोर्ट जाने नयाँ सडक (एभरेष्ट होटेल) देखि उत्तर र मैतीदेवी धोबिखोलादेखि एयरपोर्ट जाने पुरानो बाटो (पुरानो बानेश्वर चोकसम्म) देखि दक्षिण भित्रपट्टि पर्ने थापागाउँ बानेश्वर हाइट क्षेत्रको सहायक सडकको दायाँ बायाँ रु. १०।-

(११) नयाँ बानेश्वर चोकदेखि पुरानो बानेश्वर चोक जाने सडकदेखि पूर्व, चक्रपथ सिनामंगलदेखि पश्चिम, पुरानो बानेश्वर चोकदेखि एयरपोर्ट जाने सडकदेखि दक्षिण र नयाँ बानेश्वर चोकदेखि एयरपोर्ट जाने सडकदेखि, उत्तर यति ४ किल्ला क्षेत्रभित्र पर्ने (अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, सार्की गाउँ, सहकारी प्रशिक्षण केन्द्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आदि क्षेत्र र भीमसेनगोला क्षेत्रको सहायक सडकको दायाँ बायाँ) रु. १०।-

(१२) बबरमहल (धोविखोला) देखि पूर्व, कोटेश्वरबाट लगनखेल जाने चक्रपथदेखि पश्चिम, बाग्मती नदीदेखि उत्तर, एअरपोर्ट जाने नयाँ सडकदेखि दक्षिण र कोटेश्वर चौबाटोबाट भक्तपुर जाने ट्रली मार्गदेखि दक्षिणतर्फको बाँकी भागको सडकको दायाँ बायाँ रु. १०।-

(१३) मैतीदेवी धोबिखोलादेखि पूर्व, चक्रपथ गोपिकृष्ण हलदेखि दक्षिण, एअरपोर्ट जाने पुरानो सडकदेखि उत्तर, पुरानो बानेश्वर चोकबाट चाबहिल चोक जाने मूल सडकदेखि पश्चिमभित्रपट्टि (बत्तीसपुतली भण्डारखाल, जयबागेश्वरी, सिफल) क्षेत्रका सहायक सडकको दायाँ बायाँ रु. १०।-

(१४) एयरपोर्ट जाने पुरानो सडकदेखि उत्तर, गौशाला चोकदेखि दक्षिण, पुरानो बानेश्वर चोकदेखि चाबहिल मूल सडकदेखि पूर्व, चक्रपथ सिनामंगलदेखि पश्चिम भित्रपट्टि पर्ने (बत्तीसपुतली, द्वारिकाज भिलेज होटलदेखि पूर्वपट्टिका क्षेत्रहरू) क्षेत्रको सहायक सडकको दायाँ बायाँ रु. १०।-

(१५) गोकर्ण, बौद्ध र जोरपाटी मूल सडकमा जोडिने सहायक सडकहरूको दायाँ बायाँ रु. ५।-

**ख. २ नं. क्षेत्र कर कार्यालय, बबरमहलअन्तर्गत तोकिएको निम्नबमोजिम प्रतिवर्ग फुट न्यूनतम घर बहाल रकमः-**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (१) | राजदरबारको दक्षिण मूलढोकाबाट दक्षिणतर्फ दरबारमार्ग हुँदै श्री ५ महेन्द्रको शालिकसम्मको दायाँ बायाँ भाग | रु. ४५।- |
| (२) | श्री ५ महेन्द्रको शालिकदेखि दक्षिण घण्टाघर हुँदै रत्नपार्कको चौबाटोसम्म | रु. ३५।- |
| (३) | रत्नपार्कको चौबाटो (असन जाने) देखि उत्तर कमलादी मोड हुँदै केशरमहलको ढोकासम्म | रु. ३५।- |
| (४) | रामशाहपथ पद्मोदय मा.वि. बाट उत्तर पुतलीसडक-कमलादी गणेश जाने मोड-कृष्ण पाउरोटी भण्डारअगाडिको मोडबाट हात्तीसार हुँदै जयनेपाल चित्रघर सिनेमा हलसम्म | रु. ३२।- |
| (५) | तीनधारा पाठशालादेखि पूर्व बैंक अफ काठमाडौं हुँदै कृष्ण पाउरोटी जाने मोडसम्म र सो बाटोबाट दक्षिणतर्फ कमलादी गणेशस्थान जाने बाटोसम्म | रु. ३०।- |
| (६) | तीनधारा पाठशालादेखि पश्चिम, विश्वज्योति सिनेमा हल हुँदै रानीपोखरी चौबाटोसम्म | रु. ३०।- |
| (७) | घण्टाघरदेखि पूर्व कमलादी गणेशस्थान हुँदै अमेरिकी राजदूतको निवासस्थानसम्म | रु. ३०।- |
| (८) | त्रिपुरेश्वर श्री ५ त्रिभुवनको शालिकदेखि पूर्व थापाथली चौबाटोसम्म | रु. २५।- |
| (९) | नागपोखरीको चौबाटोदेखि पश्चिम जयनेपाल चित्रघर हुँदै राजदरबारको दक्षिण मूलढोकासम्म | रु. २५।- |
| (१०) | थापाथली चौबाटोबाट उत्तर रामभण्डार, माइतीघर हुँदै सिंहदरबारको मूलढोकासम्म | रु. २५।- |
| (११) | रामशाहपथको चौबाटोबाट पश्चिम बागदरबार हुँदै रत्नपार्क (असन जाने) चौबाटोसम्म | रु. २५।- |
| (१२) | मैतीदेवी चोकदेखि पूर्व धोबिखोला पुलसम्म | रु. २५।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१३) रामशाहपथ पद्मोदय मा.वि. बाट पश्चिम राष्ट्रिय सभा गृहसम्म रु. २५।-

(१४) रामशाहपथबाट पश्चिम शंकरदेव क्याम्पस हुँदै पुरानो बसपार्कसम्म रु. २०।-

(१५) डिल्लीबजारबाट उत्तर चारखाल कमलपोखरी चोक हुँदै नक्साल भगवती बहालसम्म रु. २०।-

(१६) कृष्ण पाउरोटी भण्डारबाट पूर्व कमलपोखरी जैन मन्दिर ज्ञानेश्वर हुँदै रातो पुल (धोबिखोला) सम्म रु. २०।-

(१७) रामशाहपथको चौबाटोबाट पूर्व डिल्लीबजार उकालो हुँदै मैतीदेवि चोकसम्म रु. २०।-

(१८) थापाथली चौबाटोबाट प्रसूतिगृह हुँदै बबरमहल कर कार्यालयसम्म र त्यसवरिपरिको भाग रु. १५।-

(१९) राष्ट्रिय अभिलेखालयबाट पूर्वतर्फ हनुमानस्थान हुँदै धोबीखोला पुलसम्म रु. १५।-

(२०) हनुमानस्थानबाट उत्तर अनामनगर हुँदै कालिकास्थान जाने बाँसभ्र्याङसम्म रु. १५।-

(२१) सिंहदरबारको मूलढोकाबाट उत्तर पद्मोदय मा.वि.सम्म र पद्मोदय मा.वि. अगाडिबाट बाँसभ्र्याङ हुँदै कालिकास्थानबाट डिल्लीबजार मोडसम्म रु. १५।-

(२२) कालिकास्थान पिपा गोश्वाराबाट पूर्व घट्टेकुलो हुँदै डिल्लीबजार पीपलको बोटको मोडसम्म रु. १५।-

(२३) मैतीदेवी चोकदेखि उत्तर, मैतीदेवीस्थान हुँदै ज्ञानेश्वर जाने उकालोसम्म रु. १५।-

(२४) ज्ञानेश्वरबाट रातोपुल जाने ओरालो बाटोदेखि उत्तर जर्मनी राजदूतावास हुँदै सानो गौचरणको मोडसम्म रु. १५।-

(२५) धोबिखोला कालोपुलबाट पश्चिम ज्ञानेश्वर, सानो गौचरण, भगवती बहाल हुँदै नागपोखरीको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चौबाटोसम्म रु. १५।-

(२६) कमलपोखरी कुमारी मन्दिरबाट दक्षिण कुमारी चित्रमन्दिर धोबिधारा हुँदै रामशाहपथ निस्कने मोडसम्म रु. १५।-

(२७) अन्य सबै बाँकी क्षेत्रमा (मोटर चल्नेमा) रु. १०।-

ग. **३ नं. क्षेत्र कर कार्यालय बबरमहलअन्तर्गत तोकिएको निम्नबमोजिम प्रतिवर्ग फुट न्यूनतम घर बहाल रकम:–**

(१) नयाँ सडक ढोकादेखि जुद्धशमशेरको शालिकसम्म र जुद्धशमशेरको शालिकदेखि इन्द्रचोकसम्म रु. ४५।-

(२) जुद्धशमशेरको शालिकदेखि दक्षिण नगरपालिका भवनको चौबाटोसम्म र शालिकदेखि वसन्तपुरसम्म रु. ४०।-

(३) नयाँ सडकस्थित रमा गृहदेखि दक्षिण रणमुक्तेश्वरसम्म र उत्तर तर्फ रञ्जना सिनेमा हलसम्म, नयाँ सडकदेखि उत्तर प्युखाटोल चोक हुँदै दक्षिणतर्फ न्यूरोडसम्म रु. ३०।-

(४) नयाँ सडक (जोशी कम्प्लेक्स) देखि खिचापोखरी डबलीसम्म र सो वरिपरिका भागहरू रु. ३५।-

(५) खिचापोखरी डबलीदेखि पश्चिम नगरपालिका चोकसम्म रु. ३०।-

(६) केशरमहल चौबाटोदेखि दक्षिणतर्फ रानीपोखरी जमल चौबाटोसम्म रु. ३५।-

(७) केशरमहल चौबाटो पश्चिम त्रिदेवी मार्ग ठमेल चोकबाट पश्चिम काठमाडौं गेष्ट हाउससम्म र उल्लेखित ठमेल चोक दक्षिणतर्फ जुद्धोदय मा.वि. जाने चौबाटोसम्म रु. ४५।-

(८) काठमाडौं गेष्ट हाउसबाट उत्तरतर्फ सातघुम्ती





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पकनाजोल चौबाटो र काठमाडौं गेष्ट हाउसबाट दक्षिण जुद्धोदय मा.वि.को मोडसम्म रु. ४५।-

(९) जुद्धोदय मा.वि. बाट क्षेत्रपाटी पीपलबोटसम्म रु. ३०।-

(१०) जुद्धोदय मा.वि. बाट पूर्व-दक्षिण हुँदै ठहिटी चोकसम्मरु. ३०।-

(११) क्षेत्रपाटी चौबाटोबाट दक्षिण होटल हारती हुँदै गणेश मन्दिरसम्म रु. २५।-

(१२) रक्तकाली गणेश मन्दिरबाट काठमाडौं गणेश मन्दिरसम्म, रक्तकाली गणेश मन्दिरबाट पूर्व किलागल न्हैकन्तला हुँदै असन चोकसम्म, नरदेवी मन्दिरबाट भेडासिङसम्म रु. १५।-

(१३) इन्द्रचोक डबलीबाट अमृत भण्डार हुँदै नरदेवी मूल सडक भेट्ने चोकसम्म रु. १५।-

(१४) भेंडासिङबाट उत्तर नघल हुँदै ठहिटी चोकसम्म रु. १८।-

(१५) कान्तिपथबाट पश्चिम ज्याठा चोक (डेन्टल नर्सिङ होम) सम्म रु. २०।-

(१६) असनबाट ज्याठा चोकसम्म रु. १५।-

(१७) ज्याठा चोकबाट उत्तर कर्मचारी संचयकोष (ठमेल) सम्म रु. ३०।-

(१८) पकनाजोल चोकबाट कालधारा हुँदै शोभाभगवती, कुश्लेचौरबाट धोबिचौर हुँदै क्षेत्रपाटी सम्म रु. १२।-

(१९) क्षेत्रपाटीबाट ढल्को हुँदै विष्णुमती पुलसम्म रु. १५।-

(२०) काठमाडौं गणेश मन्दिरबाट भीमसेनस्थान हुँदै विष्णुमती पुलसम्म र गणेशस्थानबाट जैसिदेवल हुँदै टेकू चोकसम्म रु. १२।-

(२१) काठमाडौं गणेश मन्दिरबाट पूर्व वसन्तपुर हुँदै झोंछे जाने सडकसम्म रु. २०।-

(२२) वसन्तपुर चोकबाट झोंछे चोकसम्म, नगरपालिकाबाट झोंछे चोकसम्म, धर्मपथबाट पश्चिम झोंछे निस्कने सडक रु. २०।-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (२३) | धरहराबाट भोटेबहाल चोक हुँदै त्रिपुरेश्वर मूल सडकसम्म र भोटेबहाल पीपलबोटदेखि ओमबहालसम्म | रु. १८।- |
| (२४) | भीमसेनस्थानबाट कोहिटी हुँदै जैसिदेवलसम्म | रु. १०।- |
| (२५) | जैसिदेवलदेखि लगनसम्म | रु.१०।- |
| (२६) | भोटेबहाल पीपलबोटबाट गणबहाल हुँदै खिचापोरी डबलीसम्म | रु. १८।- |
| (२७) | थापाथली चौबाटोबाट पश्चिम श्री ५ त्रिभुवनको शालिकसम्म | रु. २५।- |
| (२८) | श्री ५ त्रिभुवनको शालिकदेखि पश्चिम त्रिपुरेश्वर नेशनल ट्रेडिङ लिमिटेड हुँदै विष्णुमती पुलसम्म | रु. २८।- |
| (२९) | टेकू चोकबाट नेशनल ट्रेडिङ लिमिटेड, फोहोरमैला व्यवस्थापन केन्द्र हुँदै पूर्व सडक डिभिजन कार्यालय हुँदै उत्तर तौलपुल डिपोसम्म र मूल सडकबाट पक्की सडक भएका दक्षिणतर्फ जाने सहायक सडकहरूमा | रु. २०।- |
| (३०) | इन्द्रचोकदेखि पश्चिम मखन हुँदै हनुमानढोका र सोही चोकदेखि उत्तर पूर्व मछिन्द्रनाथ अगाडिको मन्दिरसम्म र इन्द्र चोकदेखि भेंडासिङसम्म | रु. २८।- |
| (३१) | दूर संचार संस्थानको क्षेत्रीय कार्यालय (सुन्धारा) देखि खिचापोखरी डबलीसम्म | रु. २०।- |
| (३२) | वीर अस्पतालको उत्तर पूर्व कुनादेखि महाबौद्ध मन्दिरको चौबाटोसम्म | रु. २५।- |
| (३३) | भोटाहिटी चोक (दरबार हाइस्कूल) देखि असनसम्म | रु. २५।- |
| (३४) | असनबाट सेतो मछिन्द्रनाथसम्म, असनबाट त्यौड चोकसम्म, असनबाट महाबौद्ध गणेश मन्दिर हुँदै नयाँ सडक चोक (घरेलु शिल्पकला बिक्री भण्डार) सम्म | रु. २०।- |
| (३५) | इन्द्रचोकदेखि वटुरत्न फिडसम्म | रु. २५।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३६) बटुदेखि नौमुगल गल्ली फशिकेब हुँदै प्युखा भोसीको टोलसम्म रु. २५।-

(३७) प्युखा चोकदेखि गुच्चा टोल हुँदै रत्न फिड र त्यहाँबाट महाबौद्ध गणेश मन्दिरसम्म रु. २५।-

(३८) क्षेत्रपाटी चिकित्सालयबाट पश्चिम भुरुङ्खेल जाने बाटो रु.१५।-

(३९) पकनाजोल चोकदेखि क्षेत्रपाटी पीपलको बोटसम्म दायाँ बायाँ रु.२०।-

(४०) त्रिपुरेश्वरस्थित श्री ५ त्रिभुवन वीर विक्रमको शालिकदेखि उत्तर नागस्थान, वीर अस्पताल हुँदै राष्ट्रिय नाचघरसम्म रु. ३५।-

(४१) सुन्धारा टक्सारदेखि संचय कोष र आर.एन.ए.सी. पछि हुँदै नयाँ सडक निस्कने टेबहालसम्म रु. २०।-

(४२) त्यौड चोकदेखि ठहिटी चोकसम्म रु. १८।-

(४३) नरदेवी मन्दिरदेखि पश्चिम नरदेवी अस्पताल हुँदै विष्णुमतीसम्म रु. १२।-

(४४) अन्य बाँकी सबै क्षेत्र (मोटर चल्नेमा) रु. १०।-

द्रष्टव्य:

(क) माथि नपरेका क्षेत्रमा कुनै द्विविधा परेमा नजिकको (सँगैको) क्षेत्रको मूल्याङ्कनको आधारमा गर्ने ।

(ख) माथि उल्लेखित मूल सडकबाट अन्य सहायक सडक जाने भएमा त्यस्तो सहायक सडकको मूल्याङ्कन गर्दा जोडिएको मूल सडकको दरमा १/३ (एक तिहाई) ले कम गरी मूल्याङ्कन गरिनेछ र गोरेटो (मोटर नजाने) भएमा ५०% कम गरी मूल्याङ्कन गरिनेछ । तर न्यूनतम दर भने रु. १०।- (प्रतिवर्ग फुट) भन्दा कम हुने छैन । क्षेत्र नं. १ को रु. ५।- भन्दा कम हुने छैन ।

(ग) जमिनमुनि (बेसमेन्ट) मा पसल कार्यालय भए २५% र गोदामको लागि भए ५०% छुट दिने ।

(घ) भुईंतल्ला बाहेक पहिलो तल्ला भए २५%, दोस्रो तल्ला भए ३५%, तेस्रो





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तल्ला भए ४५% र सो भन्दा माथि भए ५०% छुट दिइनेछ । तर रेष्टुराँ तथा बार भएकोलाई भने छुट हुने छैन ।

(ङ) उल्लिखित दर व्यापारिक प्रयोजनको लिएको जमिन तल्लाको लागि तोकिएको हो ।

(च) **आवास प्रयोजनको लागि भएमा:-**

(१) घरजग्गा भाडामा दिई बहाल प्राप्त गर्ने आवासीय क्षेत्रहरूमा पनि पक्की सडक (कालोपत्रे) सँग जोडिएको भए प्रतिवर्ग फुट रु. ५।- कायम गरिएको छ ।

(२) मोटर जाने तर पक्की सडक (कालोपत्रे) नभएको क्षेत्रहरूको लागि प्रतिवर्ग फुट रु. ४।- कायम गरिएको छ ।

(३) मोटर नजाने अन्य क्षेत्रको प्रतिवर्ग फुट रु. २।- कायम गरिएको छ ।

(छ) घरजग्गा बहाल प्रयोजनको लागि तोकिएको मूल्याङ्कन दर लिखित सम्झौतामा उल्लिखित मूल्याङ्कन दर वा ठहरिएको मूल्याङ्कन दरमध्ये जुन बढी हुन्छ सोही दर कर प्रयोजनको लागि कायम गरिनेछ । उपरोक्तानुसारको न्यूनतम दरभन्दा घटी हुने गरी सम्झौता गरेको वा भएकोमा समेत उपरोक्त अनुसारकै न्यूनतम दर कायम गरिनेछ ।

घ. **४ नं. क्षेत्र कर कार्यालय कुलेश्वरअन्तर्गत तोकिएको निम्नबमोजिम प्रतिवर्ग फुट न्यूनतम घर बहाल रकम:-**

(१) टेकू पश्चिम विष्णुमती पुलबाट कालीमाटी चौबाटो खरीको बोटसम्मको दायाँ बायाँका घर पसलहरूमा न्यूनतम दर — रु. २६।-

(२) कालीमाटी चौबाटोदेखि पश्चिम सोल्टी होटल जाने मूल सडकसम्म र सोही चौबाटोदेखि दक्षिणतर्फ हुँदै बल्खु चोकसम्मको दायाँ बायाँ पर्ने घर पसलहरूमा न्यूनतम — रु. २२।-

(३) कलंकीस्थान र सो को आसपास क्षेत्र तथा बालाजु चक्रपथ र आसपास क्षेत्र सडकको दायाँ बायाँ — रु. २०।-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कालीमाटी महेन्द्रको शालिकबाट टंकेश्वर हुँदै महेन्द्ररत्न क्याम्पससम्म सडकको दुवैतर्फ रु. १०।-

(५) कीर्तिपुर नगरपालिकाका नयाँबजार र बाहिरी क्षेत्रको सडक दुवैतर्फ रु. १०।-

(६) उक्त क्षेत्रमा नपरेका तर सो क्षेत्रसँग जोडिएका अन्य क्षेत्रका लागि सँगैका क्षेत्रमा तोकिएका दरमा ३० (तीस) प्रतिशत छुट दिई न्यूनतम दर तोक्ने ।

(७) माथि उल्लिखित बाहेकका क्षेत्रहरूमा रु. १०।- प्रतिवर्ग फुटले कायम गर्ने ।

द्रष्टव्य:-

(१) व्यापारिक प्रयोजनको लागि पसल कबल भाडामा लिई आएका भुईंतल्लाको लागि उपरोक्त दर तोकिएको हो ।

(२) अन्य तल्लाहरूको सम्बन्धमा:-

(क) बेसमेन्ट भएकोमा पसल राखेकोमा उक्त दरमा २५% छुट र गोदाम राखेकामा ५०% छुट दिने

(ख) पहिलो तल्लामा २५%, दोस्रो तल्लामा ३५% तेस्रो तल्लामा ४५% र चौथो वा सो भन्दा माथि बढी तल्लामा ५०% छुट दिने ।

**आवास प्रयोजनको लागि:-**

घर भाडामा दिई बहाल प्राप्त गर्ने आवासीय क्षेत्रहरूसँग जोडिएकामा प्रतिवर्ग फुट रु. ६।- कायम गरिएको छ । अन्य मोटर जाने पिच सडक नभएका क्षेत्रहरूका हकमा रु. ५।- कायम गरिएको छ । मोटर नजाने क्षेत्रहरूका हकमा रु. ३।- कायम गरिएको छ ।

ङ. **६ नं. क्षेत्र कर कार्यालय महाराजगञ्जअन्तर्गत तोकिएको निम्नबमोजिम प्रतिवर्ग फुट न्यूनतम घर बहाल रकम:-**

(१) केशरमहल चोकदेखि ठमेल चोक सातघुम्ती हुँदै पकनाजोल चोकसम्मको मूल सडकको दायाँतर्फको घरहरूमा रु. ४०।-





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उक्त क्षेत्रको मूल सडकबाहेक भित्रको दायाँ बायाँतर्फका घर हरूमा रु. ३०।-

(३) केशरमहल चोक मूल सडकदेखि लाजिम्पाट, महाराजगञ्ज हुँदै चक्रपथ कपन मार्गतिर जाने बाटाको मोडसम्मको दायाँ बायाँतर्फको घरहरूमा रु. १५।-

(४) उक्त क्षेत्रको मूल सडकबाहेकका दायाँ बायाँतर्फको घरहरूमा रु. १२।-

(५) चक्रपथ कपन मार्गतिर जाने बाटोदेखि बाँसबारीसम्मको दायाँ बायाँतर्फको घरहरूमा रु. १२।-

(६) उक्त क्षेत्रको मूल सडकबाहेकका दायाँ बायाँतर्फको घरहरूमा रु. १०।-

(७) चक्रपथ चोकदेखि गोंगबु बसपार्क जाने मूल सडकको दायाँ बायाँतर्फको घरहरूमा रु. १०।-

(८) उक्त क्षेत्रको मूल सडकबाहेकका दायाँ बायाँतर्फको घरहरूमा रु. ८।-

(९) सामाखुसी चोकदेखि गल्कोपाखा हुँदै लैनचौर लेखनाथ मार्गको मूल बाटोको दायाँ बायाँतर्फको घरहरूमा रु. १२।-

(१०) उक्त क्षेत्रका मूल सडकबाहेकका दायाँ बायाँतर्फको घरहरूमा रु. १०।-

(११) लैनचौर लेखनाथ मार्ग हुँदै सोह्रखुट्टेसम्मको मूल सडकको दायाँ बायाँतर्फको घरहरूमा रु. ३०।-

(१२) सोह्रखुट्टेदेखि नयाँबजार हुँदै बालाजुसम्म जाने मूल बाटोको दायाँ बायाँतर्फको घरहरूमा रु. १२।-

(१३) उक्त क्षेत्रको मूल सडकबाहेकका दायाँ बायाँतर्फको घरहरूमा रु. १०।-

(१४) सोह्रखुट्टेबाट पकनाजोल चोकसम्मको दायाँ बायाँतर्फको घरहरूमा रु. २०।-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१५) उक्त क्षेत्रको मूल बाटोको बाहेकका दायाँ बायाँतर्फका घरहरूमा रु. १५।-

(१६) धापासी, गोंगबु, विष्णु गा.वि.स. बूढानीलकण्ठ, खड्का भद्रकाली, टोखा चण्डेश्वरीका घरहरूमा (सडकछेउका) रु. ५।-

(१७) माथि नपरेका अन्य गा.वि.स. क्षेत्रहरूमा सडकछेउका घरहरूमा रु. ४।-

द्रष्टव्य:-

(१) व्यापारिक प्रयोजनको लागि पसल कबल भाडामा दिई आएकोमा भुईंतल्लाको लागि उपरोक्त दर तोकिएको छ ।

(२) अन्य तल्लाहरूको सम्बन्धमा:-

(क) बेसमेन्ट भएकोमा पसल राखेकोमा उक्त दरमा २५% र गोदाम राखेकोमा ५०% छुट दिने ।

(ख) पहिलो तल्लामा २५%, दोस्रो तल्लामा ३५%, तेस्रो तल्लामा ४५% र चौथो वा सो भन्दा माथिको तल्लामा ५०% छुट दिने ।

**आवास प्रयोजनको लागि :-**

घर भाडामा दिई बहाल प्राप्त गर्ने आवासीय क्षेत्रहरू पिच सडकसँग जोडिएकोमा प्रतिवर्ग फुट रु. ५।- कायम गरिएको छ । अन्य मोटर जाने पिच सडक नभएको क्षेत्रहरूको हकमा रु.४।- कायम गरिएको छ । मोटर नजाने क्षेत्रहरूको हकमा रु. २।- कायम गरिएको छ ।

च. **७ नं. क्षेत्र कर कार्यालय महाराजगञ्जअन्तर्गत तोकिएको निम्नबमोजिम प्रतिवर्ग फुट न्यूनतम घर बहाल रकम:-**

(१) केशरमहल चौबाटोदेखि उत्तर महाराजगञ्ज चक्रपथ चोक कपन मार्गको मोडसम्मका सडकछेउका घरहरूमा रु. १५।-

(२) उक्त मोडबाट बाँसबारीसम्मका सडकछेउका घरहरूमा केशरमहल चौबाटोबाट पूर्व कालो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुलसम्म र ७ नं. क्षेत्र कर कार्यालय क्षेत्रभित्रका चक्रपथ र अन्य सडकसँग जोडिएका न.पा. क्षेत्रका घरहरूमा रु. १२।-

(३) ७ नं. क्षेत्रअन्तर्गत न.पा. क्षेत्रभित्र पर्ने सडकले नछोएका घरहरूमा रु. १०।-

(४) बाँसबारीदेखि बूढानीलकण्ठसम्मका सडकछेउका गा.वि.स. क्षेत्रका घरहरूमा रु. ५।-

(५) ७ नं. क्षेत्र कर कार्यालयअन्तर्गतका गा.वि.स. क्षेत्रका अन्य घरहरूमा रु. ४।-

छ. **कर कार्यालय ललितपुरको क्षेत्रअन्तर्गत तोकिएको निम्नबमोजिम प्रतिवर्ग फुट न्यूनतम घर बहाल करको दर:-**

(१) कुपण्डोल बाग्मती पुलदेखि कुपण्डोल इनारसम्मको दायाँ बायाँका घरहरूमा रु. २०।-

(२( कुपण्डोल इनारदेखि जावलाखेल हुँदै लगनखेल चोकसम्मको सडकको दायाँ बायाँका घरहरू रु. १५।-

(३) मंगलबजारबाट लगनखेल जाने दायाँ बायाँका घरहरू रु. १२।-

(४) पुल्चोकदेखि मंगलबजार चोकसम्मको दायाँ बायाँका घरहरू रु. १२।-

(५) जावलाखेल चोकबाट एकान्तकुना हुँदै रिङरोड जाने सडकसम्मका दायाँ बायाँका घरहरू रु. १०।-

(६) कुपण्डोल इनारदेखि पाटनढोकासम्मका घरहरू रु. १२।-

(७) कुपण्डोल कानदेवतास्थानदेखि समिट होटलसम्मका दायाँ बायाँका घरहरू रु. १२।-

(८) लगनखेलदेखि सातदोबाटोसम्मका घरहरू रु. १०।-

(९) मंगलबजारबाट चक्रपथ ग्वार्कोसम्मका घरहरू रु. १०।-

(१०) कोटेश्वरदेखि बल्खु पुलसम्म क्षेत्रको चक्रपथका दायाँ बायाँका घरहरू रु. १०।-



१०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) पुल्चोक इन्जिनियरिङ क्याम्पसबाट सानेपा जाने बाटोको दायाँ बायाँका घरहरू रु. १०।-

(१२) चक्रपथ सातदोबाटोको पश्चिमबाट सुनाकोठी जाने बाटोको इनारसम्मका दायाँ बायाँका घरहरू रु. ८।-

(१३) समिट होटलको चौबाटोदेखि पुरानो शान्तभवन हुँदै पुल्चोकसम्मका दायाँ बायाँका घरहरू रु. ८।-

(१४) मानभवनको मूल सडकबाट जिल्ला कार्यालयसम्मका दायाँ बायाँका घरहरू रु. ८।-

(१५) मंगलबजारदेखि शंखमूलसम्मको दायाँ बायाँका घरहरू रु. ८।-

(१६) माथि नपरेका अन्य पिच सडकका दायाँ बायाँका घरहरू रु. ६।-

नोटः-

(क) माथि उल्लिखित दरमा मूल सडकमा परेका बाहेक भित्री सडकमा परेका दायाँ बायाँका घरहरूमा माथि उल्लेखित दरमा ५०% मूल्याङ्कन कम गरिनेछ ।

(ख) व्यापारिक प्रयोजनको लागि पसल कबल भाडामा दिई आएकोमा उपरोक्त दर तोकिएको छ । उपरोक्त क्षेत्रहरूको व्यापारिक प्रयोजनको लागि माथिल्लो तल्लामा भाडामा लिई आएकोमा प्रथम माथिल्लो तल्लामा २५%, दोस्रो तल्लामा ४०%, तेस्रो तल्लामा ५०% र सो भन्दा माथिको लागि ६०% छुट दिइनेछ । तर माटोको जोडाई झिंगटी टायल र जस्ता तल्लामा पहिलोमा २५% र त्यस माथिकोमा थप ४०% छुट पनि दिइनेछ ।

**आवास प्रयोजनको लागिः-**

(१) घर भाडामा दिई बहाल प्राप्त गर्ने आवासीय क्षेत्रमा पिच सडकसँग जोडिएकोमा प्रतिवर्ग फुट रु. ४।-

(२) अन्य मोटर जाने कच्ची सडकमा प्रतिवर्ग फुट रु. २।-

उक्त आवास क्षेत्रमा माटोको जोडाई झिंगटी टायल वा जस्ता छाना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएका घरहरूको पहिलो जमिन तल्लामा २५% र त्यस माथिका तल्लामा ४०% छुट दिइनेछ ।

ज. **कर कार्यालय भक्तपुर क्षेत्रअन्तर्गत तोकिएको निम्नबमोजिम प्रतिवर्ग फुट न्यूनतम घर बहाल रकमः–**

| | | |
|---|---|---|
| (१) | भ.न.पा. अन्तर्गत तौमढी, दरबार स्क्वायर क्षेत्रभित्र प्रतिवर्ग फुट | रु. १५।- |
| (२) | सूर्यविनायक, कटुन्जे, कमल विनायक, सुकुलढोका, जगाती, नयाँ ठिमी, गट्टाघर, कौशलटार, दत्तात्रय, ब्याँसी र मूल सडकका दायाँ बायाँसमेतका क्षेत्रमा प्रतिवर्ग फुट | रु. १०।- |
| (३) | जिल्लाका बाँकी अन्य क्षेत्रहरूमा प्रतिवर्ग फुट | रु. ५।- |

**द्रष्टव्यः–**

मूल सडकभन्दा भित्र परेकालाई उपरोक्त दररेटमा २०% छुट दिने र पहिलो तल्लालाई ३०% र त्यसभन्दा माथिको तल्लालाई ५०% ले छुट दिइनेछ ।

**पुनश्चः–**

माथि तोकिएका क्षेत्रबाहेक अन्य कुनै स्थान विशेषको न्यूनतम दर छुट हुन गएमा सो सँगै रहेका व्यापारिक तथा आवासीय क्षेत्रहरूको लागि माथि तोकिएको दर नै कायम हुनेछ ।

आज्ञाले,

रामविनोद भट्टराई

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग सिंहदरबार काठमाडौंमा मुद्रित ।

१०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।